# म्याङलुङ्ग नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## १ नं. प्रदेश

### युवा तथा खेलकुद विकास समिति संचालन नियमावली

### २०७५

नगर प्रमुख

स्वीकृत मिति २०७५/१२/२४

प्रमाणित २०७५।१२।२४

# म्याङलुङ नगरपालिका
# युवा तथा खेलकुद बिकास समिति संचालन
# नियमावलि २०७५

म्याङलुङ नगरपालिका नगर कार्यपालिका म्याङलुङ

कुमार तुम्बाहाङफे नगर प्रमुख

**प्रस्तावना**

यस म्याङलुङ नगर कार्यपालिकाको कार्य क्षेत्र नेपालको संबिधानको अनुसुचि(८)बमोजिम स्थानिय सरकार संचालन ऐनको दफा-११ को उपदफा(४) को क(३) मा खेलकुदको बिकास गर्ने प्रर्बधन गर्ने यसै गरी (४) मा खेलकुदको प्रतियोगिता गर्ने,आयोजक र सहभागिता(५)मा खेदकुद सम्बन्धि पुर्बाधारको बिकास र (६) मा स्थानिय तहका पत्रपत्रिकाको दर्ता अभिलेख तथानियमन गर्ने प्राबधान भएकोछ । उपरोक्त कार्य सम्पादन गर्नको लागि यस म्याङलुङ नगरपालिकाले यस युवातथा खेलकुद बिकास समितिको आवश्यकता महशुस गरी समिति गठन गरेको छ । यस युवा तथा खेलकुद बिकास समितिलाई प्रभावकारी ढंगबाट परिचालन गरेर युवाक्षमता अभिबृद्धि गर्दै खेदकुदको समग्र बिकास गर्न यस युवा तथा खेलकुद बिकास समिति संचालन नियमावलि २०७५ जारि गरिएको छ ।

## परिच्छेद-१

**१.नाम र प्रारम्भ**- यस समितिको नाम " युवा तथा खेलकुद बिकास समिति संचालन नियामवलि २०७५" म्याङलुङ नगरपालिका रहने छ । यो नियमावलि म्याङलुङ नगरपालिकाको नगर कार्यपालिकाको बैठक बाट पास भए पछि तुरुन्तलागु हुने छ ।

**२.कार्यालय** -यस युवा तथा खेलकुद बिकास समितिको कार्यालय म्याङलुङ नगरपालिकाले ब्यवस्था गरे बमोजिमको स्थानमा रहने छ ।

**३.समिति-** भन्नाले युवातथा खेलकुद बिकास समितिलाई जनाउने छ ।

- ✓ नगरप्रमुख संरक्षक ।
- ✓ अध्यक्ष भन्नाले समितिको अध्यक्षलाई जनाउने छ ।
- ✓ सदस्य भन्नाले समितिको सदस्यहरुलाई जनाउने छ ।
- ✓ सदस्य सचिब भन्नाले नगर युवा तथा खेलकुद शाखाका प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी लाई जनाउने छ ।

**४.कोष**-भन्नाले यस समितिले प्राप्त गरेको आम्दानी रकमहरु भन्ने बुझिन्छ ।

**५.कार्यालय** -भन्नाले युवा तथा खेलकुद बिकास समितिको नगरबाट तोकिएको कार्यालयलाई जनाउने छ ।

## परिच्छेद-२

**६.गठन प्रकृया :-** गठन प्रकृया तपसिल बमोजि हुने छ ।

क. अध्यक्ष : नगरप्रमुखले तोकेको व्यक्ति हुनेछ ।

ख. सदस्य : ३ महिला सहित ५ जना नगर खेलकुद विकास समितिका अध्यक्षले तोकेका व्यक्तिहरु रहने छन ।

ग. सदस्य : नगर क्षेत्रभित्रका विधागत खेलका प्रमुख एवं प्रतिनिध मध्य बाट ४ जना रहनेछन । यदी नगर स्तरिय विधागत खेलका संघहरु नभएमा जिल्ला स्तिरिय संघका प्रमुखको तर्फबाट सिफारिस भएका नगर क्षेत्रभित्रका खेलखेलाडी एव खेल प्रतिभासंग संम्वन्धीत ४ जना सदस्य रहने छन ।

घ. सदस्य सचिव : - नगर युवा तथा खेलकुद शाखाका प्रमुख वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको कर्मचारी हुनेछ ।

**७. कार्य अबधि :-** सामान्यत : यस समितिको कार्य अवधि ५ बर्षको हुनेछ ।
तर संरक्षकले म्याङलुङ नगरकार्यपालिकाको उचितकार्य देखाई कुनै पनि बेला समितिलााई भंग गर्न सक्ने छन ।

## परिच्छेद - ३

### ८. कार्य संचालन प्रकृया :-

१. बैठक - आवश्यक्ता अनुसार समितिको बैठक बस्ने छ ।

२. अध्यक्षता -बैठकको अध्यक्षता समितिको अध्यक्ष ले गर्ने छ र बैठक संचालन समितिको सदस्य सचिवले गर्ने छ ।

३. हरेकका र्यक्रमहरु बैठकको निणर्य अनुसार गर्नु पर्ने छ ।

४. नियमित कार्यालय संचालन गर्न आवश्यकक र्मचारीको व्यबस्था आवश्यक्तानुसार हुन सक्ने छ ।

५. आवश्यक्ता अनुसार संरक्षकले सवारी साधन उपलब्ध गराउन सक्ने छ ।

६. कार्यसमिति ११ सदस्सीय अध्येबाट अध्यक्ष र सदस्य सचिव सहित ५ जनाको सचिवालय गठन गरी कार्य सम्पादन गरीने छ, यसरी गरीएको निणर्य र काम पछि पुर्ण बैठकद्धारा अनुमोदन गराउनु पर्ने छ ।

७. समितिले सम्पादन गरेको कामहरुको चौमासिक प्रगति प्रतिबेदन तयार गर्नु पर्ने छ ।

## परिच्छेद -४

### ९. युवा तथा खेलकुद बिकास समितिको कार्यहरु :

१. खेलकुद क्षेत्रको सबै बिधाको बिकास,बिस्तार र प्रर्बधन गर्ने ।

२. युवाहरुको अधिकार संरक्षण र सम्वर्द्धन गर्ने ।

३. युवाहरुको क्षमता अभिबृद्धि गर्ने ।

४. बिभिन्न गोष्ठि,तालिम,सेमिनारको आयोजना गर्ने ।

५. स्वयमसेवी भावनाले बिपद् परेको अवस्थामा राहत, पुनर्स्थापना कार्यहरु गर्ने ।

६. लागु पदार्थ दुर्व्यसनि बिरुद्ध क्रियाकलापहरु संचालन गर्ने ।

७. खेलाडिहरुको परिचयपत्रको व्यवस्थापन गर्ने ।

८. खेलाडिहरुको मापडण्डतयार गरी बिमाको व्यवस्था गर्ने ।

९. राष्ट्रिय, अन्तराष्ट्रिय, प्रदेश स्तरको बिभिन्न प्रतियोगिताहरुमा सहभागि गराउने ।

१०. खेलकुदको लागि बिभिन्न प्रकारको भौतिक संरचना निर्माण गर्ने ।

११. भौतिक संरचनाहरुको संरक्षण । संर्बधन गर्ने ।

१२. बिद्यालय र घर स्तरबाट नै खेदकुदको बिकासको पहल गर्ने ।

१३. खेलाडिहरु लाई प्रोत्साहन गर्न बिभिन्न पुरस्कारको व्यवस्था गर्ने ।

१४. युवा स्वरोजगारको लागि रोजगारमुलक कार्य गर्ने ।

१५. वडा स्तरको खेलाडिहरु लाई नेतृत्वविकास गर्ने ।

१६. वडा स्तरमा समितिहरु बिस्तार गर्ने ।

१७. अपाङ्गहरुको लागिपनि खेलकुदको बिकास गर्ने ।

१८. बिषयगत, क्षेत्रगतशाखाहरु स्थपना र परिचालन गर्ने ।

१९. नगरसभा तथा नगर कार्यपालिकाले बिनियोजन गरेको बजेट शिर्षकगत रुपमा नियमानुसार समितिको कोषमाजम्मा गरिने छ । त्यसको फरफरकको जिम्मेवारी समिति स्वयमको हुनेछ ।

## परिच्छेद - ५

### १०. युवा तथा खेलकुद बिकास समितिको पदाधिकारी तथा सदस्यहरुको मापदण्ड :

१. खेलकुद क्षेत्रमालागेर ख्यातिप्राप्त खेलाडि भएको ।
२. १६-४० बर्ष उमेर समुह भित्रका ।
३. कम्तिमा ३३% महिलाहरु समितिमा रहनु पर्ने छ ।
४. म्याङलुङ नगरमा स्थायिबसोबास गरेको हुनु पर्ने छ ।
५. नेपाली नागरीक हुनु पर्ने छ ।
६.फौजदारी तथाकुनै पनि भ्रष्टाचारको अभियोग नलागेको र प्रमाणित नभएको ।
७.उच्चनैतिकआचरण भएको ।

परिच्छेद-६

११. आर्थिक कारोवार तथा बैक खाता सञ्चालन सम्वन्धी ब्यवस्था तपसिल बमोजिम रहने छ ।

नगर युवा तथा खेलकुद विकास समितिको नाममा अलगै बैक खाता तथा आर्थिक कारोवार बैक खाता समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतमा सञ्चालन हेनछ ।

परिच्छेद-७

१२. बचाउ तथा खारेजि :

१. यो नियमावलिलाई समय सापेक्ष परिमार्जन र नबिकरण गर्न सकिने छ ।

२. यस नियमावलिको अन्तिमब्यख्यानगरकार्यपालिकाले गर्ने छ ।

समाप्त